नेपाल सरकार
शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## एसएलसी परीक्षा २०७० मा समावेश हुनका लागि आवेदन फाराम भर्ने-भराउने सूचना

२०७० सालको एसएलसी परीक्षामा सामावेश हुनका लागि उक्त शैक्षिक सत्रमा कक्षा १० मा अध्ययनरत विद्यार्थीले आवेदन फाराम र माध्यमिक तहको खुला तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले रजिस्ट्रेसन/आवेदन फाराम २०७० जेठ ११ गते देखि २०७० आषाढ १० गतेभित्र भर्न-भराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १ विद्यालयहरूमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि

हाल कक्षा १० मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विदयार्थीहरूले **(क)** रजिष्ट्रेसनको अर्ध कट्टीको प्रतिलिपि **(ख)** शैक्षिक सत्र २०६८ वा सोभन्दा पहिले निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाण पत्र **(ग)** २०६९ वा सो भन्दा पहिले कक्षा-९ उत्तीर्ण गरेको लब्धाङ्कपत्र र **(घ)** जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी निर्दिष्ट ठाउँमा विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको तिन प्रति फोटो टाँसी तोकिएको राजश्व दस्तुरसहित फाराम भर्नुपर्नेछ र २०७० असार १० गतेभित्र सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्ने छ ।

### २ खुला तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि

(क) खुला विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दूर शिक्षा तथा खुला सिकाइ सञ्चालनसम्बन्धी निर्देशिका (परिमार्जनसहित) २०६३ ले तोकेको सबै सर्तहरू पुरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी निर्दिष्ट ठाउँमा हालसालै खिचिएको पासपोर्ट साइजको तिन प्रति फोटो टाँसी फाराम भर्नुपर्ने छ र २०७० असार १० गतेभित्र सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्ने छ । विद्यार्थीहरूले शै.सत्र २०६७ वा सो भन्दा पहिले निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाण पत्र र जन्मदर्ता प्रमाण पत्र सहित पेश गर्नु पर्ने छ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रौढहरूका लागि सञ्चालित विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै सर्तहरू पुरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी निर्दिष्ट ठाउँमा पासपोर्ट साइजको तिन प्रति फोटो टाँसी फाराम भर्नुपर्ने छ **२०७० असार १०** भित्र तोकिएको राजश्व दस्तुर सहित सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

३. उल्लिखित १ र २ अनुसार आवेदन, रजिष्ट्रेसन/आवेदन फाराम भर्ने विद्यार्थीहरूको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठिकसँग भरे-नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरूको हकमा रजिष्ट्रेसन नम्बर विद्यालय आफैंले कायम गरी **२०७० असार १५** भित्रमा रजिष्ट्रेसन शुल्कसहित फाराम जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्ने छ ।

४. आवेदन फारामसाथ रजिष्ट्रेसन नम्बर उल्लिखित रजिष्ट्रेसन अर्धकट्टीको प्रतिलिपिसमेत संलग्न गर्नुपर्नेछ ।

५. जिल्ला शिक्षा कार्यालयहरूले नियमित विद्यालयतर्फको विद्यार्थीहरूको प्राप्त फारामहरूमा कायम भएको रजिष्ट्रेसन नम्बर रूजु गरी एसएलसी परीक्षा प्रयोजनको निम्ति सिम्बोल नम्बरसमेत कायम गरी फाराम स्वीकृत गर्नुपर्नेछ । स्वीकृत फारामको जिशिका प्रति (Deo Copy) र प्रवेशपत्र भाग जिल्ला शिक्षा कार्यालयमा नै राखी पहिलो भाग (परीक्षार्थीको पूरा विवरण भएको) आफैंले इन्ट्री गरी मिति **२०७० असोज १५** सम्ममा परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्ने छ ।

६. २०७० सालको फाराम भर्ने नियमित विद्यार्थी २०७० चैत मसान्तमा १४ वर्ष पुरा पुगेको (२०५६।१२।३० सम्मको जन्ममिति भएको) हुनुपर्नेछ ।

७. आवेदक विद्यार्थीले आफूले नियमित रूपमा अध्यायन गरेको विद्यालयबाट मात्र आवेदन, रजिष्ट्रेसन/आवेदन भर्नुपर्नेछ । एक भन्दा बढी स्थानबाट भरेको पाइएमा त्यस्ता फाराम रद्द गरिनेछ । कक्षा १० मा नयाँ भर्ना भएका विद्यार्थीहरूका हकमा शिक्षा नियमावली (संशोधन सहित) २०५९ को दफा ८० (२) को प्रावधान पुरा गरेको हुनुपर्नेछ । त्यस्तो प्रावधान पूरा गरेको पत्रको प्रतिलिपि फाराममा संलग्न हुनु पर्नेछ ।

८. खुला तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि रजिष्ट्रेसन शुल्क प्रति विद्यार्थी रू. १५०।– तोकिएको छ । परीक्षा आवेदन शुल्कका सम्बन्धमा पछि सूचना प्रकाशित गरिनेछ ।

९. जिल्ला शिक्षा कार्यालयहरूले फारामसाथ प्राप्त खुला तथा अनौपचारिक प्रौढ विद्यार्थीहरूका हकमा रजिष्ट्रेसन शुल्क **२०७० आषाढ मसान्त**भित्र बैंक दाखिला गरिसक्नुपर्नेछ ।

१०. खुला र अनौपचारिक प्रौढ विद्यालयको रजिष्ट्रेसन/आवेदन फाराम जि.शि.का.बाट सिम्बोल नं. कायम गरी **२०७० श्रावण मसान्त**भित्र परीक्षा नियन्त्रण कार्यालयमा प्राप्त हुने गरी पठाउनु पर्ने छ ।

११. जिल्ला शिक्षा कार्यालयहरूले शिक्षा नियमावली २०५९ को नियम ८० (२) अनुसार दिएको अनुमतिको विवरण परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्ने छ ।

१२. तोकिएको समयभित्र राजश्व दस्तुर सहित आवेदन, रजिष्ट्रेसन फाराम नभर्ने विद्यार्थीहरूले परीक्षामा सामेल हुन पाउने छैनन् ।

१३. नियमित विद्यार्थीहरूको पहिलो प्रति आवेदन फाराम (Application Form) परीक्षा नियन्त्रण कार्यालयमा, जिशिका प्रति (DEO Copy) जिल्ला शिक्षा कार्यालयमा र विद्यार्थी प्रति (Student Copy ) जिल्ला शिक्षा कार्यालयमानै राखी परीक्षाका समयमा विद्यार्थी प्रति (Student Copy) प्रवेश पत्र विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

१४. सम्बन्धित सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरूले यसै सूचना बमोजिम आ-आफ्ना क्षेत्र अर्न्तगतका जिल्लाहरूमा तथ्याङ्क इन्ट्री गर्ने-गराउने लगायतका आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

**विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था गरिएको छैन ।**

**नोट : गत-विगतमा जिल्ला शिक्षा कार्यालयमार्फत् प्राइभेट परीक्षार्थीका रूपमा एसएलसी परीक्षामा सम्मिलित गराउने व्यवस्था भएकामा शिक्षा नियमावली ( संशोधनसहित), २०५९ ले सो परीक्षाको व्यवस्था हटाएको हुँदा प्राइभेट परीक्षार्थीका रूपमा फाराम भर्न-भराउन पाइनेछैन ।**

**नियन्त्रक**